

# ८ प्रतिज्ञा वा परमेश्वरको वचनवद्धता

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति २२, हिब्रू २२:१७, लेबी १८:२१, यूहन्ना १:१-३, रोमी ५:६-८, उत्पत्ति २३-२५ र रोमी ४:१-१२।

***यस अध्यायको मूल सार पद:*** **"अब्राहाम दिन धेरै बूढ़ा भइसकेका थिए। उनको उमेर धेरै ढल्किसकेको थियो। परमप्रभुले सबै कुरामा अब्राहामलाई आशिष् दिनुभएको थियो"** (उत्पत्ति २४:१ रूपान्तरित)।

आखिरमा परमेश्वरले प्रतिज्ञा गर्नुभएको अनुसार साराले अब्राहमको निम्ति छोरो पाइन्। त्यसबेला उनको उमेर धेरै धल्किसकेको वा वयोवृद्ध भइसकेको थियो (उत्पत्ति २१:२)। उनले आफ्नो बालकको नाउँ इसहाक राखेका थिए (उत्पत्ति २१:१-५)। तर, त्यतिकैमा अब्राहमको कथा अन्त भएको थिएन। उनको कथाको निर्णायस क्षण त्यसबेला पुगेको थियो जब उनले आफ्नो छोरोलाई बलि दिन मोरियाहको पहाडमा लगेका थिए। तर, भाग्यवस त्यसबेल इसहाकको बदलिमा भैंडालाई मारियो (उत्पत्ति २२:१३)। अब्राहमको सन्तानबाट (उत्पत्ति २२:१७,१८) राष्ट्रहरूले आशिष पाउनेछन् भन्ने परमेश्वरको प्रतिवद्धता त्यस भैंडाले देखाएको थियो। त्यो सन्तान येशू नै थियो (प्रेरित १३:२३)। यसरी अचम्म तरिकाले (कतिको निम्ति त्यो कथाले परमेश्वरप्रतिको आस्थालाई विचलित पनि तुल्याएको छ) मुक्तिको योजनालाई त्यस पहाडमा प्रकट गरिएको थियो।

इसहाकलाई बलिदिने कथाको जतिसुकै गहिरो आत्मिक पाठहरू भएतापनि त्यस कथाले अब्राहमको परिवारलाई झस्का दिएको हुनुपर्दछ। अनि अब्राहमको निम्ति उनको भविष्य त्यसबेला स्पष्ट भएको थिएन। मोरियाको पहाडमा इसहाकलाई बलि चढाउने घट्नाको केही समय लगत्तै साराको मृत्यु हुन्छ (उत्पत्ति २३), र अब इसहाक आमाविहिन भएर एक्लो हुन्छ।

अनि इसहाको जीवन ठिक बाटोमा लागोस् भनेर अब्राहमले आफ्नै सुरमा कदम चाल्छन्। उनले आफ्नो छोरोको निम्ति रेबेकासँग विवाह गर्न बन्दोबस्त गर्दछन् (उत्पत्ति २४)। उनले दुई छोराहरू जन्माउँछिन् (उत्पत्ति २५:२१-२३)। जतिसुकै बुढो भएपनि अब्राहमले फेरि केटुराहसँग बिवाह गर्छन्, जसबाट धेरै छोराछोरीहरू हुन्छन् (उत्पत्ति २५:१-६)। यस अध्यायमा, हामीले अब्राहको जीवनको अन्त्यको कहानीसम्म हेर्नेछौं (उत्पत्ति २५:७-११)।

## १. मोरियाहको पहाड

**उत्पत्ति २२:१-१२ र हिब्रू ११:१७ पढ्नुहोस्। बिचरा बुढो अब्राहमले सामना गर्नु परेको यो भारी परिक्षा के थियो? त्यस अचम्म तथा चकित पार्ने घट्नाबाट के आत्मिक पाठहरू हामी सिक्न सक्छौं? हेर्नुहोस्, "१ केही समयपछि परमेश्वरले अब्राहामको ठूलो जाँच गर्नुभयो, र तिनलाई भन्नुभयो, "हे अब्राहाम।" तिनले भने, "म यहीं छु।" २ उहाँले भन्नुभयो, "तिम्रो छोरो, अर्थात् तिमीले माया गरेको तिम्रो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तिमीलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर्।" ३ अब्राहाम बिहानै उठेर गधामा काठी कसे, र आफ्ना कमाराहरूमध्येका दुई जना र छोरो इसहाकलाई साथमा लिए, र होमबलिको निम्ति दाउरा चिरेर परमेश्वरले तिनलाई भन्नुभएको त्यस ठाउँमा हिंड़े। ४ तेस्रो दिन अब्राहामले हेर्दा टाढ़ामा त्यो ठाउँ देखे। ५ तब अब्राहामले आफ्ना कमाराहरूलाई भने, "तिमीहरू यहीं गधासँग बस। म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौं।" ६ अब्राहामले होमबलिको दाउरा उठाएर आफ्नो छोरो इसहाकलाई बोकाए, र आगो र छुरी आफ्नो हातमा लिए। यसरी ती दुवै जना सँगसँगै गए। ७ इसहाकले आफ्ना पिता अब्राहामलाई भने, "बुबा।" तिनले भने, "के हो, बाबु?" त्यसले भन्यो, "यी आगो र दाउरा त छन्, तर होमबलिको थुमाचाहिं खोइ?" ८ अब्राहामले भने, "बाबु, परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।" अनि ती दुवै सँगसँगै गए। ९ परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि अब्राहामले त्यहाँ एउटा वेदी बनाएर दाउरा तह लाएर राखे। त्यसपछि तिनले आफ्नो छोरो इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे। १० तब अब्राहामले आफ्नो छोरालाई बलि गर्न छुरी उठाए। ११ तर परमप्रभुका एउटा दूतले स्वर्गबाट तिनलाई हपारेर भने, "ए अब्राहाम, अब्राहाम!" तिनले भने, "हजुर।" १२ उनले भने, 'तिम्रो हात त्यस केटामाथि नउठाऊ, र त्यसलाई केही नगर्। अब**

**मैले थाहा पाएँ तिमी परमेश्वरसँग डराउँदोरहेछौ, किनकि तिम्रो छोरो, तिम्रो एकमात्र छोरालाई पनि मबाट तिमीले रोकेर राखिनौ।" १३ अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे। अब्राहामले गएर त्यस भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे। १४ यसकारण अब्राहामले त्यस ठाउँको नाउँ "परमप्रभुले जुटाउनुहुन्छ" राखे। "परमप्रभुको डाँड़ामा जुटाइनेछ" भनी आजपर्यन्त भनिन्छ" (उत्पत्ति २२:१-१४ रूपान्तरित) र "१७ विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए। १८ यिनकै विषयमा यसो भनिएको थियो, "इसहाकद्वारा नै तेरो सन्तानको नाउँ रहनेछ।" १९ परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए" (हिब्रू ११:१७-१९)।**

विश्वको साहित्यमा उत्पत्ति २२को कथा विशिष्ट कृति भएको छ। यसले केवल धर्मका विद्धानहरूलाई मात्र होइन वा धर्मलाईमात्र होइन, दार्शिनिक र विभिन्न कलाकारहरूलाई पनि आफ्ना कृतिहरू निकाल्न प्रेरित पारेको छ। यद्यपि, बिचरा बयोबृद्ध अब्राहमले यस्तो कठिन परिक्षामा किन पर्नुपर्‍यो भन्नुको अर्थ बुझ्न हामीलाई गाऱ्हो त छ। नरबलिको बिरुद्धमा पछि दिएका परमेश्वरको आदेशहरूको (लेबी १८:२१) बिपरित नै उहाँले त्यो काम अब्राहमलाई अऱ्हाउनुभएको थियो। त्यसमा पनि इसहाकबाट नै अनन्तको करार पूरा गर्नुहुनेछ भन्ने परमेश्वरको बाचालाई (उत्पत्ति १५:५) उहाँले नै वेवास्ता गर्नुभएको देखिन्छ।

त्यसकारण, धेरै उमेर ढल्किसकेको अब्राहमले यो परिक्षा सामना गर्नुपरेको लक्ष्य के हो त? यो अत्यन्तै दिमागै खाने तर प्रभावकारी परिक्षाको सामना उनले किन गर्नुपर्‍यो त?

बाइबलमा "परिक्षा" (हिब्रू भाषामा निसाह nissah) को अर्थ लोकले मानेकोभन्दा विपरित छ। त्यसले न्यायको अवधारणालाई समेतिएको छ। परिक्षा गरिनेको हृदयमा के छ त्यसको इन्साफ गर्न त्यो काम दिएको हुन्छ (व्यवस्था ८:२सँग उत्पत्ति २२:१२ तुलना गरेर पढ्नुहोस्)। फेरि, परिक्षा गर्नेलाई दिइने परमेश्वरको अनुग्रहको आश्वासन पनि त्यस अवधारणाले ल्याउँदछ (प्रस्थान २०:१८-२०)।

यस परिक्षा वा मामिलामा, परमेश्वरले अब्राहमलाई त्यस चुचुरोमा पुऱ्याउनुभएको थियो कि उनको भविष्य तथा सन्तानको अवधारणालाई नै खतरामा पारिएको थियो। यद्यपि, उनले परमेश्वरमाथि भरोसा र विश्वास राखेको कारणले परमेश्वरले जे भन्नुभएको थियो त्यही गर्न उनी तयार भएका थिए। यस मामिला बुझ्न र पचाउन हामी कतिपयको निम्ति कठिन हुनसक्छ। तर, विश्वासमात्र के हो वा त्यसको औचित्य के हो, यदि हामीले नदेखेको र पूरा नबुझेको कुरामा भरोसा राख्न सकिएन भने?

फेरि अर्को पक्ष, बाइबलले औँल्याएको विश्वास, परमेश्वरमाथिको आस्था र भरोसा भनेको हामीले उहाँलाई दिन सक्ने खुबीमा वा बलिदान वा त्यागमा होइन, त्यसको औचित्य नभएको त होइन (रोमी १२:१), बरु उहाँमा भरोसा राख्ने खुबीमा हुन्छ। हामी जतिसुकै अयोग्य भएतापनि उहाँको अनुग्रह पाउन सक्छौं भन्ने आत्मज्ञानमा पनि बाइबलीय आस्थाले देखाउँछ।

यस सत्यलाई फेरि किटान गरिएको प्रमाण अब्राहमको त्यस कार्यपछि खुलाउँदछ। अब्राहमको सबै कामहरू, उनका जोशिला क्रियाकलापहरू, पहाडमा उनको पीडादायी यात्रा, परमेश्वरको आज्ञा पालन गर्न उनको तयारी र आफ्नो सबभन्दा प्रिय बस्तु उहाँलाई चढाउन तयार हुने, यी सबै असल र शिक्षाप्रद नै भएतापनि त्यसले उनलाई मुक्ति दिन सक्दैन। किन त? परमेश्वर आफैले मानिसको मुक्तिलाई चाहिने आवश्यक बलि वा पाठो उपलब्ध गराउनुहुने थियो। त्यो त्यसतिर औँल्याइएको थियो, जुन उहाँकै प्रियपुत्र येशू ख्रीष्ट जो अब्राहमको मुक्तिको केवल एउटै आशा हुनुहुन्छ।

अनुग्रह के हो, अब्राहमले त्यसबेला बुझ्न सकेको हुनुपर्दछ। हामीहरूको काम जतिसुकै असलै भएतापनि, हामीहरूको धर्मकर्म र हामी धर्मात्मा छौं भनेर देखाउने कला, पूजापाठ आदिले हामी मुक्ति पाउँदनौं तर हामीलाई परमेश्वरले जे गर्नुभयो त्यसमा हामी मुक्ति पाउँछौं (एफिसी ३:८; रोमी ११:३३ हेर्नुहोस्)। यद्यपि, अब्राहमलाई जस्तै हामीलाई पनि काम गर्न खताउनुभएको छ। अब्राहमको कामले उनको विश्वास कतिको सक्रिय रहेछ भनेर देखाएको थियो (याकूब २:२-२३)।

**अब्राहम र मोरियाहको पहाडमा इसहाकलाई चढाउन लागेको बलिको कथाले तपाईंको व्यक्तिगत विश्वासको बारेमा के भन्छ र तपाईंले आफ्नै जीवनमा परमेश्वरमाथि आस्था र भरोसा राखेको छु भनेर कसरी प्रकट गर्नुहुन्छ?**

## २. परमेश्वरले उपलब्ध गराउनुहुनेछ

**परमेश्वरले उपलब्ध गराउनुहुनेछ भन्ने प्रतिज्ञामा अब्राहम निश्चित भएका थिए। त्यो कसरी पूरा भएको छ? उहाँले के उपलब्ध गराउनुभयो? हेर्नुहोस्, "८ अब्राहामले भने, "छोरा, परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।" अनि ती दुवै सँगसँगै गए।...१३ अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे। अब्राहामले गएर त्यस भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे। १४ यसकारण अब्राहामले त्यस ठाउँको नाउँ "परमप्रभुले जुटाउनुहुन्छ" राखे। "परमप्रभुको डाँड़ामा जुटाइनेछ" भनी आजपर्यन्त भनिन्छ।...१८ तिम्रै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनकि तिमीले मेरो वचन पालन गऱ्यौ।" उत्पत्ति २२:८, १३-१४ र १८।**

दाउराको भारी बोकेर इसहाक आफ्नो बाबुसँग पहाडमा लुरुलुरु हिँड्दै थिए। आफूले दाउरा त बोकेको छ र बाबुको हातमा आगो छ। अनि इसहाकको मनमा खुलदुली भयो। तिनीहरू परमेश्वरको निम्ति बलि चढाउन पहाडमा जाँदै थिए तर के बलि चढाउने सो तिनीहरूसँग थिएन। अनि, इसहाकले सोध्छ, "बुबा, आगो र दाउरा त छ। तर, बलि चढाउने पशु खोइ त?" अब्राहमले नहिचकिच्याइकन तुरन्तै इसहाको निम्ति रहस्यमय जवाफ दिए, "बाबु, परमेश्वर आफैले बलि चढाउन पाठो उपलब्ध गराउनुहुनेछ" (उत्पत्ति २२:८ रूपान्तरित)। त्यहाँ उल्लेख गरिएको क्रियापद हिब्रू भाषामा खास यो अर्थ छ, "परमेश्वर आफै पाठो हुनुभएर उपलब्ध गराउनुहुनेछ।" क्रियापद "उपलब्ध" (yir'eh lo यिरेह लो)लाई "आफैले उपलब्ध" हुन आउँछ, अर्थात् परमेश्वर आफैले त्यसको व्यवस्था गर्नुहुन्छ।

यस दृश्यमा हामी के हेरिरहेकाछौं त? यहाँ मुक्तिको योजनाको सार तत्व देखाइएको छ। हाम्रो पापको दण्ड भोग्न प्रभु आफै दु:खकष्ट भोग्नुहुनेछ र हाम्रो पापको मोल उहाँले नै तिरिदिनुहुनेछ!

**क्रूसमा के भयो, जुन मोरियाहको पहाडमा घटेको घट्ना पूर्वचित्रण थियो र त्यसलाई कसरी बुझ्ने भनेर देहायका पदहरूले हामीलाई कसरी खुलस्त पारेको छ? हेर्नुहोस्, यूहन्ना १:१-३ "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको**

**ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।" र रोमी ५:६-८ "६ हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। ७ धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। ८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।"**

**क्रूसमा परमेश्वरको पाठो येशू मर्नुभन्दा अघि नै मोरियाहको पहाडमा बलि चढाइने भेँडा झाङ्गमा अड्किरहेको थियो (उत्पत्ति २२:१३)। यसले काँडाको मुकुटको झाङ्ग ओड्नुभएको येशूलाई औंल्याएको थियो। अब्राहमले त्यस झाङ्गमा परमेश्वर नै देखेका थिए। पछि अब्राहम आफैले भनेका थिए, "परमेश्वरले जुटाउनुहुनेछ" (उत्पत्ति २२:१४)। परमेश्वर अब्राहमकहाँ देखा पर्नुभएको भनेर उनले स्वीकार गरेको लेखकको आशयले जनाउँदछ। यो आशयले येशूको बलिलाई अब्राहमले बुझेका थिए भन्ने देखाउँछ। अब्राहमको त्यो भविष्यवाणीको सन्देशलाई येशू आफैले यहूदी पण्डितहरूलाई यसरी प्रष्ट पार्नुभएको थियो, "तिमीहरूका पुर्खा अब्राहाम मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए, र तिनले देखे अनि रमाए" (यूहन्ना ८:५६)।**

"आफ्नो छोरोलाई बलि चढाउन दिनुभएको आदेशमा परमेश्वरका दुई आशयहरू थिए: सुसमाचारको वास्तविकता के होस् भनेर अब्राहमले थाहा पाउन् र उनको विश्वासको परिक्षा। आफ्नो पुत्रलाई बलि चढाउनुपर्ने क्षण अब्राहमको निम्ति अत्यन्तै पीडादायी थियो। उनलाई गरिएको भयानक परिक्षामा उनको दिमागलाई अन्धकारमा पछारिएको थियो। मानिसको मुक्तिको निम्ति सनातन परमेश्वरले गर्नुहुने महान् त्याग र बलिलाई अब्राहमले अनुभव गर्न सकुन् भनेर त्यो गम्भिर परिक्षा उहाँले गर्नुभएको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस*, पृ. १५४बाट रूपान्तरित।

**हाम्रो निम्ति ख्रीष्टले पाउनुभएको दुःख र क्रूसमा मर्नुभएको घट्नालाई अब्राहमको अनुभवबाट हामी कसरी बुझ्न सक्छौं? परमेश्वरले हाम्रो निम्ति जे गर्नुभयो त्यसको प्रत्युत्तरमा हामी के गर्ने?**

## ३. साराको मृत्यु

उत्पत्ति २२:२३मा रेबेकाको जन्मको बारेमा उल्लेख गरिएको छ। उनी इसहाकको भविष्यको श्रीमती हुने अपेक्षा गरिएको सन्दर्भमा त्यो उल्लेख गरिएको थियो (उत्पत्ति २४)। अब्राहमकी श्रीमती साराको मृत्यु र गाडिएको

कथाले (उत्पत्ति २३) उनको भविष्यमा हुने कटुराहसँगको विवाह हुने पनि उल्लेख गरिएको उत्पत्ति २५:१-४मा हामी पढ्छौं।

**अब्राहमलाई दिइएको प्रतिज्ञा पूरा हुने सन्दर्भमा साराको मृत्यु र चिहानमा गाडिएकोले कस्तो भूमिका खेल्दछ? हेर्नुहोस्, उत्पत्ति २३ "१ सारा एक सय सत्ताईस वर्षसम्म बाँचिन्। २ सारा, कनान देशको किर्यत-अर्बा, अर्थात् हेब्रोनमा मरिन्। अब्राहाम साराको निम्ति शोक र विलाप गर्न त्यहाँ गए। ३ अब्राहाम लाश भएको ठाउँबाट उठे, र हित्तीहरूलाई यसो भने, ४ "तपाईंहरूका बीचमा म एक प्रवासी भएर बसेको छु। यस लाशलाई गाड्न चिहानको लागि कुनै जमिन मलाई बेच्नुहोस्।" ५ हित्तीहरूले अब्राहामलाई भने, ६ "हे प्रभु, सुन्नुहोस्, तपाईं हामीहरूमध्ये एक शक्तिशाली शासक हुनुहुन्छ। हाम्रा चिहानमध्ये सबैभन्दा असलचाहिँ छानेर लाश गाड्नुहोस्। हामीमध्ये कसैले पनि आफ्नो चिहानको लाश गाड्नलाई तपाईंलाई दिन इन्कार गर्नेछैन।" ७ तब अब्राहाम उठेर हित्तीहरूका अगि निहुरेर दण्डवत् गरे। ८ तिनले तिनीहरूलाई यसो भने, "यदि मैले यो लाश गाड्ने तपाईंहरूको मन्जूरी छ भने मेरो कुरो सुन्नुहोस्, र सोहोरका छोरा एप्रोनसित मेरो निम्ति यो बिन्ती गरिदिनुहोस्, ९ कि उनले आफ्नो निजी मक्पेलाको ओड़ार मलाई बेचून्। त्यो उनका खेतको छेवैमा छ। त्यसको पूरा दाममा तपाईंहरूकै बीचमा एउटा गाड्ने ठाउँको निम्ति उनले त्यो जग्गा मेरो अधिकारमा दिऊन्।" १० त्यस बेला एप्रोन हित्तीहरूका माझमा बसिरहेका थिए, र जति जना उनका सहरको ढोकाको अगाड़ि आएका थिए, ती सबैले सुन्ने गरी हित्ती एप्रोनले अब्राहामलाई भने, ११ "होइन, मेरा प्रभु, मेरो कुरा सुन्नुहोस्। म तपाईंलाई त्यो खेत र त्यसमा भएको ओड़ार पनि दिन्छु। मेरा मानिसहरूकै सामुन्ने त्यो म तपाईंलाई दिन्छु। तपाईं आफ्नो मरेकी स्त्रीलाई त्यहीं गाड्नुहोस्।" १२ अब्राहामले फेरि त्यस देशका मानिसहरूलाई दण्डवत् गरे। १३ अनि तिनले त्यस ठाउँका मानिसहरूले सुन्ने गरी एप्रोनलाई भने, "तपाईंको मन्जूरी भए सुन्नुहोस्, म त्यस जग्गाको दाम दिनेछु। त्यो तपाईंले स्वीकार गर्नुहोस्, र त्यहाँ म यो लाश गाड्न पाऊँ।" १४ एप्रोनले अब्राहामलाई भने, १५ "हे मेरा प्रभु, मेरो कुरा सुन्नुहोस्। जग्गाको दाम त चाँदीका चार सय सिक्का हो, तर मेरो र तपाईंको बीचमा त्यो के हो र? लाशलाई तपाईं गाड्नुहोस्।" १६ अब्राहामले एप्रोनको कुरा मन्जूर गरे र तिनले एप्रोनलाई हित्तीहरूका सामुन्ने उनले भनेबमोजिम, व्यापारीहरूमा जुन तौल प्रचलित थियो, त्यहीअनुसार चाँदीका चार सय सिक्का जोखी-जोखीकन उनलाई दिए। १७**

**यसरी मक्पेलामा मम्रेनेरको एफ्रोनको खेत र त्यसभित्र भएका ओड़ार र रूखहरूसमेत १८ एफ्रोनले त्यस सहरका ढोकाको अगाड़ि आएकाहरू हित्तीहरू सबैका सामु अब्राहामको अधिकारमा दिए। १९ त्यसपछि अब्राहामले आफ्नी पत्नी सारालाई कनान देशमा मम्रेनेरको, अर्थात् हेब्रोनमा भएको मक्पेलाका खेतको ओड़ारमा गाड़े। २० यसरी त्यो खेत र त्यसमा भएको ओड़ारसमेत हित्तीहरूका तर्फबाट चिहानको रूपमा अब्राहामको अधिकारमा पक्कासँग दर्ता भयो।"**

इसहाकलाई बलि दिने कथा भएको लगत्तै साराको मृत्यु भएको थियो। इसहाकलाई बलि दिन अब्राहमले चालेको कदमले सायद साराको हृदयमा ठूलो चोत परेको थियो होला, हुनसक्छ उनी हृदयाघात भएर पनि मरेको होला। कुनै तरिकाले उनको श्रीमानले खेप्नुपरेको परिक्षामा सारा पनि समावेश भएकी थिइन्। अब्राहममा विश्वासको कमीले गर्दा मिश्र देशको यात्रामा उनी परिक्षमा परेका थिए र त्यस परिक्षामा साराको पनि संलघ्नता थियो (उत्पत्ति १२:१०-२०)।

सारा त्यस्ती स्त्री थिइन् कि कुनै उल्लेखनीय कुरा वा उनलाई चिन्तित बनाउने चुप लागेर बस्ने थिइनन् (उत्पत्ति १६:३-५, उत्पत्ति १८:१५, उत्पत्ति २१:९,१०)। इसहाकलाई बलि दिने मामिलामा सारा देखा नपरेको र उनको चुपचाप र त्यस नाटकिय घट्नाको लगत्तै उनको मृत्युले उनी कस्तो खालकी थिइन् भनेर देखाउँछ। उनको भौतिक उपस्थितिकोमात्रै होइन उनको स्वभावलाई पनि देखाउँदछ। साराको उमेर उल्लेख गरिएकोले (उत्पत्ति २३:१) र अब्राहमकै उमेर उल्लेख गरिएकोले (उत्पत्ति २४:१) अब्राहमको जीवनमा उनको भूमिका उल्लेखनीय थियो भनेर देखाउँदछ।

अझ भनौं भने, पुरानो करारमा साराको कति वर्ष बाँचिन भनेर लेखिएको छ (उनीमात्र स्त्री थिइन् जसको नाउँ परमेश्वरले परिवर्तन गर्नुभएको थियो)। त्यसले गर्दा अब्राहमको कथाको केन्द्रविन्दुमा सारा थिइन् भनेर देखाउँदछ। उत्पत्ति २३ अध्यायमा उनको मृत्युपछि जग्गा किने मामिला उल्लेख गरिएको छ (त्यो जग्गाको मोल त्यसबेलाकै चलन अनुसार अत्यन्तै महंगो थियो-४०० सिक्का, अर्थात् १२८,००० डलर वा आधुनिक मुद्रामा रु. १,५२,३२००० गुगलको उल्लेख अनुसार-अनुवादक)। उनको मृत्युले पनि प्रतिज्ञा गरिएको देशसँग सम्बन्ध रहेको जोड गर्दछ। सारा कनानको भूमिमा मरेकी (उत्पत्ति २३:२) भनेर उल्लेख गर्नाले परमेश्वरले गर्नुभएको प्रतिज्ञाको

देशमा अब्राहमको सन्तानको जरा गाडिएको देखाउँदछ। प्रतिज्ञा गरिएको देशमा साराको मृत्यु भएको र उनलाई गाडिएको नै अब्राहमको बंशमा पहिलो मृत्यु र पहिलो चिहान थियो। आफू विदेशी र पाहुना भएको अब्राहमले त्यस देशका अगुवाहरूलाई सुनाएका थिए (उत्पत्ति २३:४)। तिनीहरूले अब्राहमप्रति ठूलो आदर र सम्मान थियो र सारा गाड्ने चिहान सित्तैंमा दिने कुरा गरेका थिए। तर, जग्गाधनी हेथका छोराहरूसँगको कुरामा जग्गा सित्तैंमा होइन किनेर नै लिन्छु भनेर अब्राहमले जिद्दी गरेका थिए। त्यसको अर्थ, त्यस ठाउँलाई किनेर नै आफ्नो स्थायी बसोबास गर्ने मूख्य योजना थियो भनेर देखाउँदछ।

**सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगर्नेहरूको बीचमा अब्राहमको इज्जत र प्रतिष्ठा कस्तो थियो भनेर उत्पत्ति २३:६मा बताउँछ। यो कुरो थाहा पाउन किन जरुरी छ जसले गर्दा आफ्नो प्रतिज्ञा पूरा गर्न परमेश्वरले उनलाई प्रयोग गर्नुभएको थियो भनेर देखाउँछ? हेर्नुहोस्, "५ हित्तीहरूले अब्राहामलाई भने, ६ "हे प्रभु, सुन्नुहोस्, तपाईं हामीहरूमध्ये एक शक्तिशाली शासक हुनुहुन्छ। हाम्रा चिहानमध्ये सबैभन्दा असलचाहिँ छानेर लाश गाड्नुहोस्। हामीमध्ये कसैले पनि आफ्नो चिहानको लाश गाड्नलाई तपाईंलाई दिन इन्कार गर्नेछैन।" (उत्पत्ति २३:५-६)।**

## ४. इसहाकको निम्ति श्रीमती

साराको मृत्युपछि इसहाकको विवाह भएको थियो भनेर उत्पत्ति २४ मा बताइएको छ। ती दुई कथाहरूमा आपसी सम्बन्ध छ।

**आफू बसोबास गरिरेहेको देश, परमेश्वरले नै तिमीलाई दिने भन्ने देश र बासिन्दाहरूको सम्मान पाएको देश कनानमा रहेका अब्राहमले आफ्नो छोरो इसहाकले कनानीहरू मध्यबाट कुनै स्त्रीलाई विवाह नगरोस् भन्ने उनको चाहना किन हो? हेर्नुहोस्, उत्पत्ति २४, "१ अब्राहाम दिन धेरै खाएर बूढ़ा भइसकेका थिए। परमप्रभुले सबै कुरामा अब्राहामलाई आशिष् दिनुभएको थियो। २ अब्राहामले आफ्नो घरका सबै कुरामा अख्तियार गर्ने प्रमुख नोकरलाई भने, "तिम्रो हात मेरो तिघ्रामुनि राख। ३ म तिमीलाई स्वर्ग र पृथ्वीका परमप्रभु परमेश्वरको यो शपथ खान लाउँछु कि तिमीले मेरो छोरालाई अहिले म बसेको ठाउँका कनानीका छोरीहरूमध्ये कसैलाई विवाह गर्न नल्याइदिनू, ४ तर मेरो देशमा मेरै कुटुम्बकहाँ गएर मेरो छोरा इसहाकको लागि एउटी पत्नी ल्याउनू।" ५ तब त्यस नोकरले अब्राहामलाई भने, "यदि त्यो स्त्री यस देशमा**

मेरो पछि लागेर आउन इच्छा गरिन भनेता के मैले तपाईंका छोरालाई जुन
देशबाट तपाईं आउनुभयो त्यहीँ नै लैजाने?" ६ अब्राहामले त्यसलाई भने,
"तिमीले मेरो छोरालाई त्यहाँ फर्काएर नलानू। ७ मलाई मेरा पिताको घर र
मेरो जन्मभूमिबाट यहाँ ल्याउनुहुने स्वर्ग र पृथ्वीका परमप्रभु परमेश्वरले शपथ
हाली मसँग यसो भनेर प्रतिज्ञा गर्नुभएको छ, 'म तिम्रै सन्तानलाई यो देश
दिनेछु।' उहाँले नै आफ्ना दूत तिम्रो अगिअगि पठाउनुहुनेछ, र तिमीले मेरो
छोराको लागि त्यहाँबाट एउटी पत्नी ल्याउन सक। ८ त्यो केटी तिम्रो पछि
आउन इच्छा गरिन भने तिमीलाई मेरो यो शपथ लाग्नेछैन। केवल तिमीले मेरो
छोरालाई चाहिँ त्यहाँ फर्काएर नलैजानू।" ९ तब त्यस नोकरले आफ्ना मालिक
अब्राहामको तिघ्रामुनि हात राखीकन यस विषयमा तिनीसित शपथ खायो। १०
त्यसपछि त्यो नोकर आफ्ना मालिकका दश वटा ऊँट र सबै किसिमका असल-
असल सौगात लिएर बिदा भयो, र अराम-नाहारैमतिर लागेर नाहोरको सहरमा
गयो। ११ साँझपख स्त्रीहरू पानी भर्ने बेलामा सहरका बाहिरपट्टि पानीको
इनारको नजिकै त्यसले ऊँटहरूलाई राख्यो। १२ अनि त्यसले मनमनै प्रार्थना
गऱ्यो, "हे मेरा मालिकका परमप्रभु परमेश्वर, कृपा गरी आज मलाई मेरो काम
सफल गराइदिनुहोस् र मेरा मालिक अब्राहामलाई आफ्नो दया देखाउनुहोस्।
१३ हेर्नुहोस्, म यो इनारनेर उभिरहेको छु, र सहरका मानिसहरूका छोरीहरू
पानी भर्नलाई आउँदैछन्। १४ यसैले यसो होस्: जुन कन्यालाई म 'तिम्रो गाग्रो
मतिर पानी पिउनलाई ढल्काइदेऊ' भनुँला, र जसले मलाई 'खानुहोस्, म तपाईंका
ऊँटहरूलाई पनि खुवाइदिन्छु' भन्छिन्, तिनलाई नै तपाईंले आफ्ना दास
इसहाकको निम्ति रोज्नुभएको होस्। तपाईंले मेरा मालिकलाई दया
देखाउनुभएको रहेछ भन्ने म त्यसैबाट थाहा पाउनेछु।" १५ त्यसले यो
भनिसकेको पनि थिएन, अब्राहामका भाइ नाहोरकी पत्नी मिल्काको छोरो
बतूएलकी छोरी रिबेका काँधमा गाग्रो राखेर आइन्। १६ कन्या अत्यन्त सुन्दरी
र कुनै मानिससित पनि सहवास नभएकी थिइन्। इनारमा ओर्लेर तिनले गाग्रोमा
पानी भरिन् र उक्लेर आइन्। १७ तब त्यो नोकर तिनलाई भेट गर्न दगुर्यो र
भन्यो, "कृपा गरी तिम्रो गाग्रोबाट मलाई अलिकता पानी पिउन देऊ।" १८
तिनले "हजूर, खानुहोस्" भनेर तुरुन्तै गाग्रो झारिन्, र आफ्नो हातमा गाग्रो राखेर
त्यसलाई पानी खुवाइदिइन्। १९ त्यसलाई खान दिइसकेपछि तिनले भनिन्,
"तपाईंका ऊँटहरूका निम्ति पनि तिनीहरूले पिई नसकुञ्जेल म पानी उघाएर
दिनेछु।" २० तब तिनले झट्टै आफ्नो गाग्रोको पानी डूँड़मा खन्याएर फेरि पानी

उघाउन इनारतिर कुदेर गइन्, र तिनले सबै ऊँटहरूका निम्ति पनि पानी
उघाइदिइन्। २१ त्यो मानिसचाहिँ परमप्रभुले आफ्नो यात्रा सफल गरिदिनुभएको
हो कि होइन भनी थाहा पाउनलाई चूप लागी डीठ लाएर तिनलाई हेरिरह्यो।
२२ ऊँटहरूले पानी खाइसकेपछि त्यस मानिसले छ ग्राम तौलका सुनको एउटा
नत्थ र एक सय ग्राम जति तौलका सुनका बालाहरू झिकेर भन्यो, २३ "तिमी
कसकी छोरी हौ? के तिम्रा बाबुको घरमा हामीलाई डेरा गर्नलाई बस्ने ठाउँ
छ?" २४ तिनले त्यसलाई भनिन्, "म नाहोरबाट मिल्काले जन्माएका बतूएलकी
छोरी हुँ।" २५ तिनले त्यसलाई अझै भनिन्, "हामीसँग दाना र पराल प्रशस्त
छन्, डेरा गर्नलाई कोठा पनि छन्।" २६ तब त्यस मानिसले आफ्नो शिर
निहुराएर भक्तिसाथ परमप्रभुलाई दण्डवत् गरेर भन्यो, २७ "परमप्रभु, मेरा मालिक
अब्राहामका परमेश्वर धन्यका हुनुहुन्छ, जसले मेरा मालिकप्रतिको दया र
विश्वस्तता त्याग्नुभएको छैन। परमप्रभुले नै मलाई बाटोमा डोऱ्याएर मेरा
मालिकका कुटुम्बको घरमा ल्याइदिनुभएको छ।" २८ तब ती कन्या गइन्, र
आफ्नी आमाका परिवारलाई सबै कुरा बताइन्। २९ रिबेकाका लाबान नाउँ
भएका एउटा दाजु थिए। लाबान निस्केर इनारनेर त्यस मानिस भएको ठाउँतिर
दगुरेर गए। ३० जब उनले आफ्नी बहिनीको नाकमा नत्थ र हातमा बाला
देखे र "त्यस मानिसले मलाई यसो भन्यो" भन्ने कुरा आफ्नी बहिनीबाट सुने, तब
उनी त्यस मानिसकहाँ गए। ३१ अनि इनारको छेउमा ऊँटहरूका नजिकै त्यो
उभिरहेको देखेर लाबानले भने, "हे परमप्रभुका आशीर्वादी जन, भित्र आउनुहोस्।
किन बाहिरै उभिरहनुहुन्छ? मैले तपाईंको निम्ति डेरा र ऊँटहरूका लागि ठाउँ
तयार पारिराखेको छु।" ३२ तब त्यो मानिस लाबानसित उनको घरमा गयो, र
लाबानले ऊँटहरूका भारीहरू झारेर तिनीहरूलाई पराल र दाना दिए। अनि
उनले अब्राहामको नोकर र त्यससित हुने मानिसहरूका निम्ति खुट्टा धुने पानी
पनि दिए। ३३ तब त्यसको सामु खानेकुरा पनि राखिदिए। तर त्यसले भन्यो,
"जबसम्म मेरो समाचार म भन्दिनँ तबसम्म म केही खान्नँ।" उनले भने, "ल,
भन्नुहोस्।" ३४ तब त्यसले भन्यो, "म अब्राहामको एक नोकर हुँ। परमप्रभुले
मेरा मालिकलाई खूबै आशिष् दिनुभएको हुनाले तिनी एक ठूला मानिस भएका
छन्। ३५ उहाँले तिनलाई बगालका बगाल भेड़ाबाख्राहरू र बथानका बथान
गाई-गोरुहरू, तथा सुनचाँदी, दास-दासी, ऊँटहरू र गधाहरू दिनुभएको छ। ३६
मेरा मालिककी पत्नी साराले बुढ़ेसकालमा तिनको निम्ति एउटा छोरो जन्माइन्,
र उनैलाई तिनले आफ्ना जे-जति छन् सबै दिएका छन्। ३७ मेरा मालिकले

मलाई यसो भनेर शपथ खान लाएका छन्, 'तिमीले मेरो छोराको लागि म अहिले
बसेको देशका कनानीहरूका छोरीहरूमध्ये कुनै पनि विवाह गर्नलाई नल्याउनू,
३८ तर मेरो कुटुम्बकहाँ र मेरा पिताको घरमा गएर तिमीले मेरो छोराको
निम्ति एउटी पत्नी खोजेर ल्याइदिनू।' ३९ "मैले मेरा मालिकलाई भनें,
कथङ्कदाचित् त्यो स्त्री मेरो साथमा आउन मानिन भने नि त?" ४० "तिनले
मलाई भने, 'जुन परमप्रभुको सामुन्ने म हिंड्डुल गर्छु, उहाँले नै आफ्ना दूत
तिमीसित पठाउनुहुनेछ, र तिम्रो कार्य सफल हुनेछ, र तिमीले मेरा कुटुम्ब र मेरा
पिताको घरबाट मेरो छोराको लागि एउटी पत्नी ल्याउनेछौ। ४१ जब तिमी
मेरा कुटुम्बकहाँ पुग्नेछौ तब मेरो यस शपथबाट छुट्नेछौ। अनि तिनीहरूले
केटी दिएनन् भने पनि मेरो यस शपथबाट तिमी छुट्नेछौ।' ४२ "आज इनारमा
आइपुगेर मैले यसो भने, 'हे परमप्रभु, मेरा मालिक अब्राहामका परमेश्वर, तपाईंको
इच्छा भए तपाईंले मेरो कार्य सफल गराइदिनुहोस्। ४३ हेर्नुहोस्, म इनारमा
उभिरहेछु। जुन स्त्री पानी भर्नलाई आउलिन् र मैले "तिम्रो गाग्रोबाट मलाई
अलिकता पानी पिउन देऊ," भन्दा ४४ तिनले मलाई "खानुहोस्, र म तपाईंका
ऊँटहरूलाई पनि पानी उघाइदिनेछु," भन्नेछिन्, त्यही स्त्रीचाहिँ मेरा मालिकका
छोराको लागि परमप्रभुले ठहराउनुभएको होस्।' ४५ मैले यी कुरा मनमनै
भनिसक्न अगि नै, हेर्नुहोस्, रिबेका काँधमा आफ्नो गाग्रो बोकेर आइन्, र इनारमा
ओर्लेर पानी उघाइन्। मैले तिनलाई भनें, 'कृपा गरी मलाई पानी पिउन देऊ।'
४६ "तिनले तुरुन्तै आफ्नो काँधबाट गाग्रो झारेर भनिन्, 'खानुहोस्। म तपाईंका
ऊँटहरूका निम्ति पनि पानी खान दिनेछु।' तब मैले पानी पिएँ, र तिनले मेरा
ऊँटहरूलाई पनि पानी खान दिइन्। ४७ "मैले तिनलाई 'तिमी कसकी छोरी
हौ?' भनी सोधें। "तिनले भनिन्, 'नाहोर र मिल्काका छोरा बतूएलकी छोरी हुँ।'
"तब मैले तिनको नाकमा नत्थ र हातमा बालाहरू लगाइदिएँ। ४८ अनि
आफ्नो शिर निहुराएर भक्तिसाथ परमप्रभुलाई दण्डवत् गरें, र मेरा मालिक
अब्राहामका परमप्रभु परमेश्वरलाई धन्यको भनें, जसले मेरा मालिककै भाइकी
नातिनी तिनका छोराको निम्ति दिन मलाई ठीक बाटोमा डोऱ्याउनुभएको थियो।
४९ अब तपाईंहरू मेरा मालिकसँग दया र सत्यको व्यवहार गर्नुहुन्छ भने
मलाई भन्नुहोस्। होइन भने पनि मलाई भन्नुहोस्, र म दाहिने-देब्रे जता हुन्छ
लागुँला।" ५० तब लाबान र बतूएलले जवाफ दिए, "यो कुरा परमप्रभुबाट नै
हुन आएको हो। हामी तपाईंलाई खराब अथवा असल केही भन्न सक्दैनौं। ५१
हेर, रिबेका तपाईंको सामुन्ने छे। त्यसलाई लिएर जाऊ, र परमप्रभुले

भन्नुभएजस्तै गरी त्यो तिम्रा मालिकका छोराकी पत्नी होस्।" ५२ अब्राहामको नोकरले तिनीहरूका कुरा सुनेपछि भूइँमा निहुरेर भक्तिसाथ परमप्रभुलाई दण्डवत् गऱ्यो। ५३ तब त्यसले सुन र चाँदीका गहनाहरू र लुगाहरू ल्याएर रिबेकालाई दियो। त्यसले तिनका दाजु र आमालाई पनि मूल्यवान् थोकहरू उपहारको रूपमा दियो। ५४ तब त्यो र त्यसका साथमा भएका मानिसहरूले खाए र पिए, त्यो रात त्यहीं बिताए। बिहान उठेपछि त्यसले भन्यो, "मेरा मालिककहाँ जान अब मलाई बिदा दिनुहोस्।" ५५ तर रिबेकाका दाजु र आमाले भने, "कन्यालाई कम-से-कम दश दिन यहीं हामीसँग रहन दिनुहोस्। त्यसपछि त्यो गए हुन्छ।" ५६ तर त्यसले तिनीहरूलाई भन्यो, "मलाई नअलमल्याउनुहोस्। अब परमप्रभुले मेरो यात्रा सफल गराउनुभएको छ। मलाई जान दिनुहोस्, र म मेरा मालिककहाँ जानेछु।" ५७ तब तिनीहरूले भने, "हामी कन्यालाई नै बोलाएर त्यसकै मुखबाट थाहा लाऔं।" ५८ अनि तिनीहरूले रिबेकालाई डाकेर भने, "के तिमी यस मानिसको साथमा जान्छ्यौ?" तिनले भनिन्, "म जान्छु।" ५९ यसैकारण तिनीहरूले आफ्नी बहिनी रिबेकालाई तिनकी सेविकासँगै अब्राहामको नोकर र त्यसका मानिसहरूका साथमा पठाइदिए। ६० तिनीहरूले रिबेकालाई आशिष् दिएर भने, "हे हाम्री बहिनी, तिमी हजारौं हजारका आमा होऊ, र तिम्रा सन्तानले तिनीहरूसँग दुश्मनी गर्नेहरूका सहरहरू कब्जा गरून्।" ६१ तब रिबेका र तिनका सहेलीहरू ऊँटहरूमा चढ़ेर त्यस मानिसको पछि लागे। यसरी रिबेकालाई लिएर त्यो नोकर आफ्नो बाटो लाग्यो। ६२ अब इसहाकचाहिँ बेअर-लहैरोइबाट आएका थिए, किनकि त्यस बेला उनी नेगेवमा बसोबास गरिरहेका थिए। ६३ इसहाक साँझपख ध्यान गर्न खेतमा निस्केका थिए। उनले आँखा उठाएर हेर्दा ऊँटहरू आइरहेका देखे। ६४ रिबेकाले पनि आँखा उठाएर हेर्दा इसहाकलाई देखिन्, र ऊँटबाट ओर्लेर त्यस नोकरलाई सोधिन्, ६५ "हामीलाई भेट्न खेतमा हिँड्दैआउने मानिस को हुन्?" त्यस नोकरले भन्यो, "उनी त मेरा मालिक हुन्।" तब रिबेकाले घुम्टो हालेर आफ्नो अनुहार छोपिन्। ६६ त्यसपछि आफूले गरेका सबै काम त्यस नोकरले इसहाकलाई बतायो। ६७ इसहाकले रिबेकालाई आफ्नी आमा साराको पालमा लगे, र विवाह गरे। अनि तिनी उनकी पत्नी भइन्, र उनले तिनलाई प्रेम गरे। यसरी आफ्नी आमाको मृत्युपछि इसहाकले सान्त्वना पाए।"

आफ्नी श्रीमतीलाई गाड्न अब्राहमले जग्गा किन्न जिकिर गरेका थिए। परमेश्वरले त्यस भूमि उनका सन्तानहरूलाई दिने कबूल गर्नुभएको

थियो। अब अब्राहमले आफ्नो छोरोलाई प्रतिज्ञा गरिएको देशभन्दा बाहिर नजाओस् भन्ने जिकिर गरेका थिए (उत्पत्ति २४:७)। फेरि, रिबेकालाई भेटेपछि इसहाकले उनलाई आफ्नी आमाको पालमा वा कोठामा ल्याए, र आमाको मृत्युपछि उनले सान्त्वना पाए (उत्पत्ति २३:६७) भनेर उल्लेख गरिँदा आफ्नी आमाको मृत्युले उनलाई कतिको शोकित बनाएको रहेछ भनेर औँल्याउँदछ।

इसहाकको विवाहको कथामा प्रायजसो प्रार्थनाले र प्रार्थनाको जवाफले भरिएको छ, साथै परमेश्वरको कृपा र मानव स्वतन्त्रतालाई पनि यस कथा लक्षित गरिएको छ। स्वर्ग र पृथ्वीको परमेश्वरको नाउँमा शपथ खानु (उत्पत्ति २४:३) भनेको अब्राहमले परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ (उत्पत्ति १:१, उत्पत्ति १४:१९) भनेर स्वीकारेका थिए। यसमा अब्राहमका सन्तान र मसीहकै जन्मको मामिलामा परमेश्वरको सिधै हात रहेको हुनेछ भनेर उनले महसुस गरेको आभास् दिन्छ। "उहाँको स्वर्गदूत" र "स्वर्गको परमेश्वर" भनेर सम्वोधन गर्दा (उत्पत्ति २२:११) प्रभुनै स्वर्गबाट आउनुभएर इसहाकलाई बलि चढाउनबाट रोकेकोतिर औँल्याउँछ। सारा जगतलाई नियन्त्रण गर्नुहुने, इसहाकलाई मर्नबाट हस्तक्षेप गर्नुहुने परमेश्वरले इसहाकको विवाहको मामिला पनि उहाँकै हात रहनेछ भन्ने कुरोमा अब्राहम ढुक्क भएका थिए।

तर, जुन स्त्री आफ्नो सेवकले चुन्दछ त्यस स्त्रीले परमेश्वरको आवाज नसुन्न पनि सक्छ भन्ने कुरोमा अब्राहमलाई थाहा थियो, तर, त्यसको जवाफ उनले परमेश्वरमा नै छोडेका थिए। परमेश्वर जतिसुकै शक्तिशाली भएतापनि कुनै पनि मानिसलाई उसको इच्छा वा विवेकको स्वतन्त्रताको विरुद्धमा हस्तक्षेप गर्नुहुन्न वा आफ्नो कुरा मान्न उहाँ कर गर्नुहुन्न। रिबेका इलिइजारको पछि लागोस् भन्ने परमेश्वरको योजना भएतापनि, उनी जाने नजाने निर्णय गर्ने स्वतन्त्रता उनलाई नै दिइएको थियो। त्यसको अर्थ, त्यस स्त्री इजिइजारको पछि नजान पनि चाहन सक्थिन्। यदि चाहेनन् भने अब्राहमको सेवक उनलाई कर गर्नेपक्षमा थिएन।

यहाँ परमेश्वरले दिनुभएको ईश्वरीय तत्वको महान् रहस्यलाई खुलासा गरिएको अर्को उदाहरण हामी पाउँछौं। परमेश्वरले उसलाई आत्मनिर्णयको स्वतन्त्रता, विवेकको स्वतन्त्रता, कहाँ जाने कहाँ नजाने भन्ने निर्णय गर्ने मानिसको स्वतन्त्रतालाई परमेश्वरले कदर गर्नुभएको थियो र त्यस स्वतन्त्रतालाई परमेश्वरले मिच्नु वा कुल्चनु हुन्न। (यदि उहाँले कुल्चनु वा मिच्नुभयो भने त्यो आत्मनिर्णयको स्वतन्त्रता हुने थिएन)। र पनि, मानिसको

आत्मनिर्णयको स्वतन्त्रताको वास्तविकता जे भएतापनि र त्यसलाई दुरुपयोग गर्दा आउने धेरै दुर्घट्नाहरूको बावजुद पनि, आखिरमा आएर परमेश्वरको प्रेम र हामीप्रति उहाँको हित कायमै रहनेछ भन्ने कुरामा हामी ढुक्क हुनसक्नुपर्दछ।

**हामी जे जे गर्छौं त्यसमा परमेश्वरको इच्छा नै नहोला, यद्यपि, उहाँनै सर्वेसर्वा हुनुहुन्छ भन्ने कुरा थाहा पाउँदा हामीलाई कतिको सान्त्वना मिल्दछ? उदारहणमा, दानिएल २ जस्ता भविष्यवाणीहरूले हामीले माथि भनेको कुरालाई कसरी प्रमाणित गर्दछ?**

## ५. अब्राहमको निम्ति श्रीमती

उत्पत्ति २४:६७-२५:१-८मा यस संसारमा अब्राहमका अन्तिम क्षणहरूको बारेमा बयान दिएको छ। तिनीहरूको अर्थ के छ? हेर्नुहोस्, "इसहाकले रिबेकालाई आफ्नी आमा साराको पालमा लगे, र विवाह गरे। अनि तिनी उनकी पत्नी भइन्, र उनले तिनलाई प्रेम गरे। यसरी आफ्नी आमाको मृत्युपछि इसहाकले सान्त्वना पाए" (उत्पत्ति २४:६७) र "१ अब्राहामले अर्की एउटी पत्नी विवाह गरे। तिनको नाउँ कतूरा थियो। २ तिनले अब्राहामबाट जिम्रान, योक्षान, मदान, मिद्यान, यिशबाक र शूहलाई जन्माइन्। ३ योक्षानले शेबा र ददानलाई जन्माए। ददानका सन्तान अश्शूरी, लतूशी र लऊम्मीहरू थिए। ४ मिद्यानका छोराहरूचाहिँ एपा, एपेर, हानोक, अबीदा र एल्दा थिए। यी सबै कतूराका सन्तान हुन्। ५ अब्राहामले आफूसँग भएका सबै थोक इसहाकलाई नै दिए। ६ तर आफू जीवित छँदै तिनका भित्रिनीपट्टिका छोराहरूलाई तिनले उपहारहरू दिए, र आफ्ना छोरा इसहाकबाट छुट्ट्याएर तिनीहरूलाई पूर्व देशतिर पठाइदिए। ७ अब्राहाम जम्मा एक सय पचहत्तर वर्षसम्म बाँचे। ८ अब्राहाम दीर्घायु भई पूरा बुढ़ेसकालमा मरे, र आफ्ना मरेका पिता-पुर्खाहरूसँग मिल्न गए। ९ तिनका छोराहरू इसहाक र इश्माएलले तिनलाई हित्ती सोहोरको छोरो एप्रोनको खेतमा भएको, मम्रेनेरको मक्पेलाको ओड़ारमा गाड़े। १० त्यो खेत अब्राहामले हित्तीहरूबाट किनेका थिए। त्यहीँ नै अब्राहाम आफ्नी पत्नी सारासित गाड़िए। ११ अब्राहामको मृत्युपछि परमेश्वरले तिनका छोरा इसहाकलाई आशिष् दिनुभयो। त्यस बेला इसहाक बेअर-लहै-रोइनेर बसोबास गरे।१३ जन्म क्रमको सूचीअनुसार इश्माएलका छोराहरूका नाउँ यी नै हुन्: इश्माएलको जेठो छोरो नबायोत, र केदार, अदबेल, मिब्साम, १४ मिश्मा, दुमा, मस्सा, १५ हदद, तेमा, यतूर, नापीश र केदमा। १६ इश्माएलका छोराहरू यी नै

**हुन्। तिनीहरूका बस्ती र छाउनीहरूअनुसार ती बाह्र कुलनायकका नाउँ यी नै हुन्। १७ इश्माएलको जम्मा उमेर एक सय सैंतीस वर्ष थियो, तब तिनको मृत्यु भयो र तिनी आफ्ना पिता-पुर्खाहरूसँगै मिल्न गए। १८ मिश्रको सिमानानेर, अश्शूर देशतर्फ हवीलादेखि शूरसम्म तिनीहरू बसोबास गर्थे। अनि तिनीहरू आफ्ना दाजुभाइको शत्रुतामा बस्थे" (उत्पत्ति २५:१३-१८)।**

साराको मृत्युपछि अब्राहमले फेरि विवाह गरे। इसहाकलाई जस्तै साराको मृत्युभएपछि उनलाई सान्त्वना मिलेको थियो (उत्पत्ति २४:६७)। आफ्नो छोरामा आमाको याद जस्तै अब्राहमको दिमागमा पनि साराको बारेमा झलझलती याद आइरहेको हुनसक्थ्यो।

तर, उनको नयाँ श्रीमतीको बारेमा हामीलाई पहिचान स्पष्ट छैन। अब्राहम मरेपटि इश्माएल उनलाई गाड्न आए भनेर लेखिएको र कतूराहको बारेमा उल्लेख नगरिएको सन्दर्भमा बाइबलका कतिपय विद्वानहरूले ती हागार नै हुन् भनेर भनेर पनि आफ्नो भनाइ प्रस्तुत गरेका छन्। यो पनि सोच्न महत्त्वपूर्ण छ कि अब्राहमले कतूराहका छोराहरूलाई हागारकै छोरोलाई जस्तो व्यवहार गरेका थिए। उनका छोराहरूले आफ्नो घरानामा कुनै अर्को आत्मिक प्रभाव नपारोस् वा द्वन्द्व नहोस् भनेर उनले तिनीहरूलाई धनसम्पत्ति वा उपहारहरू दिएर घरबाट बाहिर पठाएका थिए। तिनीहरू भित्रीनी रखौतीका सन्तान भनेर सम्बोधन गरेको छ (उत्पत्ति २५:६)। तर, आफूसँग भएको सबै जायजेथा इसहाकलाई दिन्छन् (उत्पत्ति २५:५)। कतूराहलाई भित्रीनी वा रखौती भनेर सम्बोधन गर्नुको अर्थ उनी हागार सरह थिइन् भनेर पनि बताउँछ। रहस्यमय तरिकाले कतूराह-हागारसँग अब्राहमले विवाह गरेको भनेर उल्लेख गर्दा उनलाई साराको याद आइरहेको थियो भनेर पनि आभास् पाइन्छ।

कतूराहका छोराहरू र इश्माएलका छोराहरूको बारेमा उत्पत्ति २५:१-४, १२-१८मा उल्लेख गरिएको पनि चासोको विषय हो। उनका दुई छोराहरू इसहाक र इश्माएलको साथै कतूराहसँग बिवाह गरेर छ भाइछोराहरू जन्माए साथै भनेर उल्लेख गरिएको विवरणबाट परमेश्वरले अब्राहमलाई धेरै राष्ट्रहरूका पिता हुनेछन् तुरन्तै पूरा भएको थियो भन्ने पनि आभास् दिन्छ।

दोस्रो बंशावली इश्माएलका सन्तानहरूको बारेमा लेखिएको छ। उसका छोराहरूमा १२ वटा जातिहरू समावेश भएका थिए (उत्पत्ति १७:२०)। याकूबका सन्तानहरूमा पनि १२ वटै जातिहरू थिए (उत्पत्ति

३५:२२-२६)। तर, अब्राहमसँग बाँधिएको परमेश्वरको करार इसहाकको सन्तानको निम्ति सुरक्षित राखिएको थियो, इश्माएका थिएनन्। यस बारे बाइबल स्पष्ट छ।

दुई छोराहरूको बंशावलीहरूको बीचमा (उत्पत्ति २५:७-११) अब्राहमको मृत्युको खबरले परमेश्वरको आशिषको पनि गवाही दिन्छन्। अब्राहम पूरा वा असल बुढेस कालमा मर्नेछ (उत्पत्ति १५:१५) भन्ने धेरै वर्ष अघि परमेश्वरले दिनुभएको वचन पनि त्यसबेला पूरा भएको थियो। धेरै वर्ष बाँच्ने मामिलामा उपदेशक ६:३ले यो भन्दछ, "कुनै मानिस आफ्ना एक सय जना छोराहरू भएर धेरै वर्षसम्म बाँच्यो, तर त्यो धेरै दिनसम्म बाँचेर पनि आफ्नो उन्नतिको उपभोग गर्न पाएन र उचित मृत-संस्कार पनि पाएन भने, म भन्दछु कि त्योभन्दा त तुहेको बालकको दशा अझ असल हुन्छ।"

आखिरमा आएर परमेश्वरले आफ्ना विश्वासी सेवक अब्राहमलाई दिनुभएको अनुग्रहका प्रतिज्ञाहरूप्रति आफू प्रतिवद्ध भएको र पूरा गरेरै देखाउनुभएको भएको थियो। विश्वासद्वारा मुक्ति पाइन्छ भन्ने धारणालाई धरोहरकोरूपमा अब्राहमलाई बाइबलमा चित्रण गरेको छ। उनी बेलाबेलामा विश्वासमा चुकिएतापनि उनका असल काम होइन तर परमेश्वरकै अनुग्रहले उनी उहाँको सामु धर्मी ठहरिएका थिए। हेर्नुहोस्, रोमी ४ "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।" ९ के यो आशीर्वाद खतनावालहरूका निम्ति मात्र हो? कि बेखतनावालहरूका निम्ति पनि हो? अब्राहामको निम्ति त उनको विश्वास नै धार्मिकता गनिएको थियो भनी हामी भन्दछौं। १० तब कसरी यो उनको निम्ति धार्मिकता गनियो? उनको खतना

हुनभन्दा अघि वा पछि? उनको खतना भइसकेपछि होइन, तर अघि। ११
खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरूप उनले
खतना पाएका थिए। खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता
होऊन् भन्ने उद्देश्यले यो भएको हो। १२ उनी ती खतनावालहरूका पनि पिता
हुन्, जसका खतना भएको मात्र होइन, तर जसले विश्वासको त्यही नमूनालाई
पछ्याउँछन्, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थियो। १३
संसारको उत्तराधिकारी हुनलाई अब्राहाम र उनको वंशलाई दिइएको प्रतिज्ञा
व्यवस्थाद्वारा आएको होइन, तर विश्वासको धार्मिकताद्वारा आएको हो। १४
यदि व्यवस्था पालन गर्नेहरू मात्र उत्तराधिकारी हुन्छन् भनेता विश्वास रद्द र
प्रतिज्ञा व्यर्थ हुन्छ। १५ किनभने व्यवस्थाले क्रोध ल्याउँछ, तर जहाँ व्यवस्था
छैन त्यहाँ अपराध पनि हुँदैन।१६ त्यसैले यो प्रतिज्ञा विश्वासमाथि निर्भर
गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर अब्राहामका सबै वंशहरूका
निम्ति पक्का होस्। यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरूका निम्ति मात्र नभएर
अब्राहामको जस्तो विश्वासमा हुनेहरूका निम्ति पनि हो, किनकि अब्राहाम हामी
सबैका पिता हुन्। १७ जसो लेखिएको छ, "मैले तिमीलाई धेरै जातिहरूका
पिता बनाएको छु।" जुन परमेश्वरमाथि अब्राहामले विश्वास गरे, उहाँको दृष्टिमा
उनी हामी सबैका पिता हुन्। उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ, र
अस्तित्वमा नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ। १८ "तिम्रा
सन्तान पनि यस्तै असंख्य हुनेछन्" भनेर परमेश्वरले भन्नुभएअनुसार, आशा
पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे, र यसरी उनी धेरै
जातिहरूका पिता बने। १९ प्रायः सय वर्ष पुगिसकेका अब्राहाम मरेतुल्य
भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि
विश्वासमा कमजोर भएनन्। २० परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई
डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई
महिमा दिए। २१ प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने
अब्राहामलाई पूरा निश्चय थियो। २२ यसैकारण पनि उनको विश्वास "उनको
निम्ति धार्मिकता गनियो।" २३ धार्मिकता "गनिएको हो" भन्ने यो वचन उनैको
खातिर मात्र लेखिएको होइन, २४ तर हाम्रा निम्ति पनि हो। हामी जसले येशू
हाम्रा प्रभुलाई मरेकाहरूबाट जीवित पार्नुहुनेमाथि विश्वास गर्छौं, यो हाम्रा निम्ति
पनि गनिनेछ। २५ उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो, र हामीलाई
धर्मी तुल्याउनलाई जीवित पारिनुभयो।"

**उपसंहारः**

अब्राहम परमेश्वरका असाधारण व्यक्तित्व भएको अगमवक्ता थिए। उनीबाट नै परमेश्वरले आफ्नो योजना कार्यन्वयन गर्ने भएको उनको मानवीय क्षेत्रमा उहाँ पस्नुभएको थियो। उनीबाट नै केही हदमा आफ्नो पुत्रलाई बलिको रूपमा यस संसारमा पठाउनुभएर मानिसलाई पापबाट मुक्त गर्ने उहाँको मुक्तिको योजना प्रकट गर्नुभएको थियो।

"इसहाक परमेश्वरको पुत्रको रूप थियो। येशूले आफ्नो बलिबाट सारा संसारको पापबाट चोखो पार्ने योजना इसहाकलाई बलि दिने मामिलाबाट प्रकट गर्नुभएको थियो। परमेश्वरले मानिसलाई मुक्ति दिने सुसमाचार अब्राहमको दिमागमा बसोस् भन्ने चाहनुभएको थियो। परमेश्वरको यो योजनालाई प्रकट गर्न र मुक्तिको योजनाको सत्यको वास्तविकतालाई प्रकट गर्न साथै विश्वासलाई परिक्षा गर्न उहाँले अब्राहमलाई आफ्नै पुत्रलाई बलि दिन अऱ्हाउनुभएको थियो। परमेश्वरको त्यो हुकुमले अब्राहम अत्यन्तै शोकित र पीडामा परेका थिए, यद्यपि त्यस अन्धकार र डरलाग्दो परिस्थितिलाई उनले डटेर सामना गरे। यस अनुभवले उनको हृदयमा पतित मानिसको मुक्तिको निम्ति परमेश्वरको कस्तो योजना थियो भन्ने आत्मज्ञान उनले गहिरो तरिकाले बुझोस् र उनको दिमागमा प्रभाव पारोस् परमेश्वरको चाहना थियो। विध्वंसको बाटोमा लागिरहेको मानिसलाई त्यसबाट उद्धार गर्न सनातन परमेश्वरले आफ्नै पुत्र दिनुहुने उहाँको वर्णनै गर्न नसकिने त्यागलाई अब्राहमले आफ्नै अनुभवबाट बुझ्न सकोस् भन्ने हेतुले उनलाई त्यस कठिन परिक्षामा उहाँले पार्नुभएको थियो। आफ्नै छोरोलाई बलिदिनुपर्ने परमेश्वरको आदेश उनको निम्ति मानसिक यातना यो भन्दा अरू केहि थिएन, यद्यपि, उहाँको अनुग्रहले त्यो सहन उनी सफल भए।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ३, पृ. ३६९बाट रूपान्तरित।

"अब्राहमको उमेर धेरै ढल्किसकेको थियो। उनको देहान्त छिटो हुने अपेक्षा गरिएको थियो; तर, उनको सन्तानबाट परमेश्वरको प्रतिज्ञा सुरक्षित भएको उनले चाहेका थिए। परमेश्वरको व्यवस्थालाई सुरक्षित राख्ने जिम्मा अब्राहमको सन्तानमा केवल इसहाकमात्रै थियो। परमेश्वरको नाउँलाई उचालिराख्ने र व्यवस्थालाई कायम गरिराख्ने अब्राहमले पाएको जिम्मा उनी पछि इसाहक हुन परमेश्वरले उनलाई नियुक्त गर्नुभएको थियो साथै अब्राहम पछि उनी नै परमेश्वरले चुन्नुभएको जातिको पिता हुने योजना पनि

इसाहकमाथि नै थियो। तर, उनी विवाहित भएका थिएनन्। कनानी बासिन्दाहरू मूर्तिपूजामा तल्लिन थिए। सनातन सृष्टिकर्ता परमेश्वरमाथि आस्था राख्नेहरू र मूर्ति पूजा गर्ने मानिसहरूको बीचमा विवाहवारी गर्ने चलन परमेश्वरले मनाही गर्नुभएको थियो। त्यस खालको वैवाहिक चलनले परमेश्वरमाथि आस्था राख्नेहरूको विश्वास खस्किन र भ्रष्ट हुनतिर लम्कन्थ्यो। आफ्नो छोराको वरिपरिको वातावरणको भ्रष्ट चरित्रले उसलाई प्रभाव पार्ला कि भन्ने डर अब्राहमको थियो...आफ्नो छोराको विवाहको मामिला अब्राहमको दिमागमा अत्यन्तै गम्भिर विषय भएर खेलिरहेको थियो। परमेश्वरबाट अलग राख्ने स्त्रीबाट आफ्नो छोरो नफसुन् भन्ने उनको चाहना थियो।...इसाहकले पनि आफ्नै बाबुको ज्ञानबुद्धि र स्नेहमा भरोसा राखि उनको विवाहको मामिला बुबालाई नै सुम्पेका थिए। फेरि, बाबुले गर्ने निर्णयमा परमेश्वरकै हात हुनेछ भन्ने कुरामा उनी ढुक्क थिए।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. १७१बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ. अब्राहमले आफ्नै छोरोलाई बलि दिनुपर्ने मामिलामा तपाईंले गहिरिएर चिन्तन गर्नुहोस्। त्यसको निम्ति कस्तो खालको विश्वास र आस्था चाहिने रहेछ, कल्पना गर्न खोज्नुहोस्। फेरि त्यसै बखत, यो मामिला जतिसुकै अचम्म भएतापनि कतिपय इसाईहरूको निम्ति यो किन दिमागै नै खलबलाउने खालको भइरहेको छ?**

**आ. आत्मनिर्णयको स्वतन्त्रता के हो? यसको वास्तविकता भएन भने परमेश्वरमाथि को विश्वास र आस्थाको औचित्यको किन अर्थ हुँदैन? बाइबलमा कुन पात्रहरूको उदाहरण छन् जसले स्वविवेक प्रयोग गरेर कसरी गलत निर्णय गरेका थिए, र त्यसको बाबजुद पनि परमेश्वरले चाहनुभएको योजना आखिरमा सम्पन्न नै भएको थियो?**

## कथा ८
## कोरोनाको महामारीमा आशा
### आन्टोनिया मिग्वेल, ४०, आङ्गोला



कोभिड-१९ले मेरो जीवनलाई नै परिवर्तन गरिदियो। मैले परमेश्वरलाई सधैं विश्वास गर्थें। सानै उमेरदेखि असल श्रीमान पाउन सकुँ भनेर मैले परमेश्वरसँग प्रार्थना गर्थें। परमेश्वरलाई प्रेम गर्ने र मसँगै चर्च जाने श्रीमानको ठूलो चाहना गरेको थिएँ। तर त्यो श्रीमान को होला भनेर सोधिरहन्थें। कुन चर्चमा हामी जाने होला भनेर पनि सोच्दथें। सानैदेखि म मेरोबुबा आमासँग चर्चमा जान्थें र तिनीहरूका विधिहरूमा मैले भाग लिन्थें। तर म ठूलो भएपछि त्यो चर्चमा केही न केही कमी भएको मैले महसुस गरें।

मेरो असल श्रीमानसँग विवाह भएपछि म अर्को चर्चमा गएँ। चार वर्षपछि तेस्रो चर्चमा म सरिक भएँ। तर मभित्र खालिभइरहेको महसुस गरें। केही न केही कमी भएको जस्तो मलाई लाग्यो। चर्चमा मैले जे सुनें मेरो व्यक्तिगत जीवनसँग सरोकार नभएको जस्तो लागेको थियो। परमेश्वरले मेरा पापहरू क्षमा दिनुभयो भन्ने कुरामा म विश्वस्त थिइनँ। उहाँको जस्तो चरित्रमा मलाई परिवर्तन गरिएको छ भन्ने कुरामा मलाई निश्चित भएन। मेरो श्रीमान मसँग चर्च पनि जाँदैनथे।

सन २०२०मा सारा देशमा कोभिड-१९को महामारीले गर्दा लकडाउन भयो। चर्चहरू बन्द भए। म अब चर्चमा आराधना गर्न जान सकिनँ। मैले युट्युबमा प्रबचनहरू सुन्न खोजें। एक जना एडभेन्टिस्ट चर्च पास्टरले होप च्यानल टेलिभिजनबाट प्रचार गरेको हेरें। पास्टरले बाइबलबाट विभिन्न पदहरू औंल्याएका थिए। मेरो बाइबलसँग तुलना गर्दा मलाई बाइबलको बारेमा धेरै ज्ञान नभएको थाहा पाएँ। हप्ताको सातौं दिन साबथको बारेमा पनि मेरो ध्यान गयो। एक दिन पास्टले पास्टरले प्रश्न सोधे जुन मलाई नै सोधेको जस्तो लागेको थियो, "तपाईं कसको पछि लाग्नेः मानिसहरूको करकापमा कि बाइबलमा व्यक्त गरेको परमेश्वरको वचनमा?"

यो प्रश्नले मेरो भित्री हृदयनै छोयो। मैले जवाफ दिएँ, "मेरो परमेश्वरले बाइबलमा जे भनेको छ त्यही पछ्याउन चाहन्छु।"

एक जना युवतीलाई घर धन्धा गर्न मेरो घरमा बोलाउँथे। उनले प्रत्येक दिन शुक्रवारसम्म घर धन्धा गर्थे, अनि प्रत्येक शनिबार छुट्टी लिने गर्थिन्। शनिबार उनी एडभेन्टिस्ट चर्चमा जान्छु भनेर उनले मलाई सुनाएकी थिइन्। तर पछि उनी शनिबार चर्चमा जान छोडिन् र मेरो घरमा काम गर्न थालिन्।

जब साबथको महत्त्वको बारेमा मैले बुझें मैले उनलाई भनें, "तिमी शनिबार चर्च जान छोडयो र मेरो घरमा काम गर्न थाल्यौ। मेरो कारणले चर्च जान छोडेका छौ भने तिमी सोच। अबदेखि तिमी सोमबारदेखि शुक्रवारसम्म काम गर। शनिबार पवित्र दिन हो। अनि केही समयपछि कोरोनाले गर्दा लगाइएको लकडाउन केही हदमा खुकुलो भयो। आज त्यस युवती बप्तिस्मा लिन बप्तिस्माको कक्षाहरू लिइरहेकी छिन्।

त्यसै बखत मलाई साबथको बारेमा अझ बढि ज्ञान हासिल गर्न मनलाग्यो। त्यसकारण मैले एडभेन्टिस्ट पास्टरलाई फोनबाट डाकें। उनी मित्रबर थिए र धेरै किताबहरू पढ्नलाई मलाई दिए। म साबथमा आराधना गर्न थालें र २०२१मा मैले बप्तिस्मा लिएँ।

आज म नयाँ व्यक्ति छु र दिनदिनै मेरो जीवन परिवर्तन भइरहेको छ। मेरा पापहरू परमेश्वरले क्षमा गर्नुभयो भन्नेमा म निश्चित छु। मलाई थाहा छ मेरो चरित्र उहाँको जस्तो परिवर्तन गरिरहनुभएकोछ। मेरो श्रीमान पनि मसँगै चर्च जाओस् भनेर मसँग प्रार्थना गर्नुहोस्।